SMC MEETING REGISTER-2

# SMC

2016→17→18

2018-19

ONWARDS

(7)

आज ०३/०३/२०२१ को दिन रोल्पा उच्चमाध्यमिक विद्यालयमा विद्यालय प्रबन्धन समितिको तत्वधानमा यस वर्षको पहिलो विद्यालय प्रबन्धन समितिसँग बैठक बसेको छ। यो सभा विद्यालय प्रमुख श्री लोकनाथ शर्मा गाउँले मनबहादुर राई ज्यूको तत्वधानमा सभापतित्वमा रहेको हो। यस सभामा भूतपूर्व प्राचार्य सुश्री जगमाया क्षेत्रीको पनि उपस्थिति रहेको थियो।

यस सभामा मुख्य चर्चाको विषय पञ्चायत सदस्य श्रीमति विमला राईले स्वागत सम्बोधनसँगै राख्नुभयो। यस सभामा छलफल भएको कुराहरु बुँदागत रूपमा तल दिइन्छ →

1. विद्यालय प्रबन्धन समितिकी सदस्य श्रीमति पुष्प राईले विद्यालय फण्डको निमित्त आएको एक लाख रुपियाँ धनराशी कहाँ छ भनेर खोजी गर्नुभयो। जुन पैसा बि. डी. ओ को बाट आएको थियो।

2. यस विषयमा बोल्दै भूतपूर्व प्राचार्य महोदयले भन्नुभयो, मैले जुन एक लाख रुपियाँ धनराशी प्राप्त गरेको कुरा अरु एस. एम. सी. का केही सदस्यलाई जानकारी गराएर हस्ताक्षर गराएको थिएँ। त्यो एक लाख रुपियाँ धनराशी टोइलेट मरमत गरियो, अन्य विभिन्न विद्यालय विकासमा खर्च गरियो।

3. यस सभामा विद्यालयतर्फबाट श्री कुशल राईले त्यस एक लाख धनराशी भूतपूर्व प्राचार्य महोदयले एक लाख होइन ४० हजार आएको हो। उहाँले एक लाख पैसाको काम गरेको छैन भनेर भन्नुभयो।

4. एस. एम. सीका सदस्यले भूतपूर्व प्राचार्यलाई त्यस एक लाखमा आधि खर्च भयो भने आधि ५० हजार स्कुललाई फर्काउने माग राख्नु भयो।

५. यस विषयमा बोल्दै प्राचार्य महोदय श्री लोकनाथ शर्माले भन्नुभयो, जति पनि म आउँनुभन्दा अघाडिको कुरा छ रहेछ यस विषयमा मलाई त्यत्तो केही भन्नु छैन। प्राचार्य महोदयले भन्नुभयो कि अब अघाडि विद्यालय -मा विभिन्न राम्रो कार्यहरु गर्ने योजना रहेको कुरा छ। उहाँले भन्नुभयो विद्यालय र एस.एम.सीबीच पारदर्शिता हुनुपर्छ।

६. उहाँले अझ भन्नुभयो विद्यालयमा शौचालयको आवश्यकता रहेको छ र हामी मिलेर काम गर्नुपर्छ।

७. उहाँले विद्यालयमा नानीहरुको स्कूल युनिफर्मबारे समस्या छ, यो पनि सुल्झाउनु पर्ने कुरा गर्नुभयो।

८. विद्यालय सुन्दरीकरणको निम्ति एम.जी.नरेगालाई सहयता माग्ने कुरा पञ्चायत महोदय समक्ष राख्नुभयो।

९. उहाँले विद्यालय चाहि हाल्ने कुरा फर्निचर को पनि माग राखेको कुरा गर्नुभयो।

१०. उहाँले विद्यार्थीको परिचय पत्र बनाउने कुरा पनि गर्नुभयो।

११. यस विद्यालयलाई सहयोगतार्थ एस.एम.सी सदस्य श्री रोशन राईले १५ हजार धनराशी दिनुभयो। उहाँले विद्यार्थीको पढाइ राम्रो हुनुपर्छ भन्ने कुरामा जोड दिनुभयो। उहाँले विशेष व्यवहारिक शिक्षाप्रति ज्यादा झुकाव राख्नुपर्ने कुरा गर्नुभयो।

~~१२~~

१२. भूतपूर्व प्राचार्य महोदयले अझ भन्नुभयो यस विद्यालयको निम्ति मैले धेरै काम गरेको छु। उहाँले भन्नु म मेरो तर्फबाट विद्यालयलाई २० हजार रुपियाँ दिनेछु। जुन एक लाख रुपियाँ पैसा थियो त्यो ~~सबै खर्च~~ प्राय प्राय खर्च भइसकेको छ भन्ने जानकारी गराउनुभयो। उहाँले भन्नुभयो मैले सर्वशिक्षाबाट १५ हजार पाउनुछ त्यसैले त्यस मैं म पाँच हजार थपेर विद्यालयलाई दिनेछु भनेर पाँच हजार प्राचार्य महोदयलाई सुम्पिनुभयो।

→ विद्यार्थीहरुको अनुशासनबारे नर्बु सरले महत्वपूर्ण कुरा राख्नुभयो।

१३. चिया छलफलको साथ हाजरी तथा समापन भयो।

(1) Dipu Gurung

Mrs. B... Gurung
Vice President
Ward No-1 Rolep
17-Rolep Lamaten GPU

Principal
ROLEP SR.SEC.SCHOOL
EAST SIKKIM

(2) [signature] 3/3/21

(3) [signature] 3/03/2021

(4) Man Bahadur Rai

(5) टिका माया छेत्री

(6) Goma Devi Chettri

(7) [signature]

(8) Roshan Rai [signature] 3/3/21

(9) चन्द्र राई

(10) Kushal Rai [signature]

(11) [signature]

(11) [signature] K.B Rai

(12) Tika Ram Rai

(13) Sarbana Subba Pushpa Subba

(14)